# २३औं

# बार्षिक प्रगति प्रतिवेदन

## २०७८/०७९



**ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.**

**Bright Saving & Credit Cooperative Society Limited**

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

## Bright Saving & Credit Cooperative Society Limited

### सञ्चालक समिति



**रामइन्द्र न्यौपाने**
अध्यक्ष



**नीनादेवी शाक्य**
उपाध्यक्ष



**लक्ष्मण न्यौपाने**
कार्यलय प्रमुख



**राजेन्द्रकुमार थापा**
कोषाध्यक्ष



**डा. घनश्याम खतिवडा**
सदस्य



**मोतीलाल घिमिरे**
सदस्य/संयोजक ऋण उप-समिति



**दिनेश प्रसाई**
सदस्य

### लेखा सुपरीवेक्षण



**गंगाप्रसाद शर्मा घोरसाइने**
संयोजक



**गोकर्णबहादुर थापा**
सचिव



**हरिबोल बडाल**
सदस्य

### ऋण उप-समिति सदस्य



**शिवदास**
सदस्य



**चिन्तामणि पराजुली**
सदस्य

दर्ता नं.: ५११/०५६/०५७

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.
# BRIGHT SAVING & CREDIT CO-OPERATIVE LTD.

(सहकारी ऐन २०४८ अनुसार स्थापित)
पान नं.: ३००३२२२२२

प.सं.: ०७९/०८०
च.नं. ०२४

मिति: २०७९/०५/२८

श्री सम्पूर्ण शेयर सदस्य ज्यूहरु

विषय:- **२३^औं^ वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०७९ भाद्र १० गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्न मिति, समय र स्थानमा संस्थाको २३ औं **वार्षिक साधारण सभा** तपसिल बमोजिमका प्रस्तावहरु माथी छलफल गरी निर्णय गर्न बस्ने भएकाले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ। यसै व्यहोराको पत्रका साथै सामाजिक संजाल मार्फत समेत सबै सदस्यहरुलाई जानकारी पठाईएको छ। कुनै कारणबश पत्र वा अन्य सूचना प्राप्त नभएमा यसै सूचनालाई आधिकारीक मानि साधारण सभामा उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**कार्यक्रम**

मिति: २०७९ साल असोज २९ गते शनिबार
समय: बिहान ठिक ११:०० बजे
स्थान: होटल हार्दिकको सभा हल, बागबजार-२८, काठमाण्डौं

**छलफलका विषयहरु**

१। संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७८/७९ को प्रतिवेदन प्रस्तुती, छलफल र पारित सम्बन्धमा,
२। आ.ब. ०७८/०७९ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुती छलफल र पारित गर्ने सम्बन्धमा,
३। संस्थाका प्रमुखज्यूको आ.ब. ०७९/०८० को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट प्रस्तुती, छलफल र पारित सम्बन्धमा,
४। आ.ब. ०७८/०७९ को वार्षिक लेखा परीक्षण सहितको वित्तीय प्रतिवेदन उपर छलफल गरि पारित सम्बन्धमा,
५। विनियम पुनर्लेखन लगायत संस्थाको थप आन्तरीक नीति निर्देशिका तथा कार्यविधिहरु पारित गर्ने तथा बिध्यमान निति निर्देशिका तथा कार्यविधिहरु संसोधन तथा पुनर्लेखन गर्ने सम्बन्धमा,
६। आ.ब. ०७९/०८० को लागी लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा,
७। संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरु तथा ब्यवस्थापनबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा,
८। शेयर लाभांश वितरण सम्बन्धमा,
९। संरक्षित पूँजी फिर्ता कोष बाँडफाँड तथा वितरण सम्बन्धमा,
१०। संस्थाको भवन मर्मत तथा पुनर्निमाणमा भए गरेका कार्यहरुको अनुमोदन गर्ने सम्बन्धमा,
११। संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा,
१२। बाह्य ऋणको अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा,
१३। संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने सम्बन्धमा,
१४। साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरु चयन सम्बन्धमा,
१५। विविध ।

**पुनश्च:**

१। निर्धारित विषयहरु भन्दा बाहेक संस्थालाई हित गर्ने कुनै थप प्रस्तावहरु छ भन्ने कुनै सदस्यलाई आवश्यक्ता महसुस भएमा मिति: २०७९ साल असोज २८ गते भित्र कार्यालयमा लिखित रुपमा पेश गरी सहयोग गर्नु हुन अनुरोध गरिन्छ ।
२। निर्वाचन कार्यक्रम तथा निर्वाचनसम्बन्धी अन्य आवश्यक सूचना तथा जानकारीहरु संस्थाको सूचना पाटी तथा वेवसाईटमा अद्यावधिक गरिनेछ ।

०७९।५।२८

लक्ष्मण न्यौपाने
सचिव
संचालक समितिको आज्ञाले

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि. को २३औं वार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री रामइन्द्र न्यौपानेद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु एवं यस गरिमामय २३औं वार्षिक साधारणसभामा सहभागी पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु, संचारकर्मी मित्रहरु, कर्मचारी साथीहरु एवं सहभागी समस्त सुभेच्छुकहरु साथै संस्थाको आधिकारिक फेसबुक पेज मार्फत यस गरिमामय सभाको अवलोकनार्थ जोडिनुभएका समस्त महानुभावहरु, यस संस्थाको स्थापनाकाल एवं विभिन्न समयमा संस्थाको नेतृत्व प्रदान गर्दै संस्थाको आजको सबल अवस्थासम्म आइपुग्न योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरुप्रति संचालक समितिको तर्फबाट  हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

सदस्यहरुको वित्तीय आवश्यकता परिपूर्ति गर्ने हेतुले आजभन्दा २३ बर्ष अघि बिधिवत स्थापना भई बिभन्न समयमा अनेक अनुकुल तथा प्रतिकुल अवस्था पार गर्दै आजको यो समयसम्म आइपुग्न तपाई हामी सबैको आ–आफ्नो योगदान उत्तिकै महत्वपूर्ण रहेको छ । देशले संघीय प्रणाली अवलम्बन गरेको अहिलेको अवस्थामा यो संस्था बागमती प्रदेशको भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय हेटौंडामा दर्ता कायम रहन गएको छ। हामी साबिक बागबजार भक्तपुर बस पार्क अगाडि स्थापना काल देखि संचालनमा रहेकोमा गत बर्षको पौष देखि बागबजार स्थित पद्मकन्या कलेजको सामुन्य संस्थाको आफ्नै भवनबाट कारोबार गरिरहेका छौं। संस्थाको १९ औं वार्षिक साधारणसभाबाट निर्वाचित बर्तमान संचालक समितिलाई प्राप्त जिम्मेवारी हरसम्भव सक्रियतापूर्बक निर्वाह गर्ने हाम्रो मूल मन्त्र रहेको थियो ।  सहकारीका स्थापित मूल्य मान्यता तथा सिद्धान्तलाई अनुसरण गरी सदस्यमैत्री तथा विश्वसनीय सेवा प्रदान गर्दै  संस्थाको गतिबिधि, आर्थिक बृद्धि र सामाजिक उत्तरदायित्व निर्वाहमा महत्वपूर्ण जिम्मेवारी बहन गर्दै आइरहेका छौं। संस्थाको विनियममा ब्यबस्था भए अनुसार हाम्रो कार्याकाल आजकै मिति देखि पुरा भई नव निर्वाचित संचालक समितिलाई जिम्मेवारी हस्तान्तरण गर्ने दिन हो। यसरी जिम्मेवारी हस्तान्तरण गर्न पाउदा खुशी लागेको छ। नव निर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना समेत ब्यक्त गर्दछौं। संस्थाले सदस्यहरुलाई उचित प्रतिफल प्रदान गर्ने र संस्थाका सबै आर्थिक सुचांकहरुलाई बृद्धि गर्दै गइरहेको परिस्थितिमा हामीले जिम्मेवारी सम्हालेको डेढ बर्ष बित्न नपाउदै विश्वब्यापी महामारी कोभिड १९ को कारण आर्थिक अवस्था तहस नहसको स्थितिमा पुग्यो । सो को दीर्घकालीन असरका कारण अहिले नेपालमा वित्तीय तथा सहकारी क्षेत्रमा प्रतिकूल असर परिरहेको छ । देशमा कोभिड रोगको त असर लगभग समाप्त भएको छ तर अर्थतन्त्र, बैंक तथा सहकारी क्षेत्र नकारात्मक रुपमा प्रभावित भइरहेका छन। र यो अवस्था अझै केही समयसम्म रहने प्रक्षेपण गरिएको छ । म यसै अवसरमा सम्पूर्ण सदस्यहरुमा आह्वान गर्न चाहन्छु कि हामी सबै मिलेर यो स्थितिबाट छिट्टै मुक्त भई सहज रुपमा नियमितता तर्फ फर्किन हातेमालौ गरौं।

## आदरणीय सदस्यज्यूहरू,

कोभिड १९ का दीर्घकालीन असरहरु गत बर्ष भरि परिरहे। आर्थिक क्षेत्र अझै उठ्न सकिरहेको छैन। यि र यस्तै कारणले हामीले गत बर्ष निर्धारण गरेका लक्ष्यहरु हासिल गर्न सकेनौं र सदस्यहरुलाई प्रतिबद्धता गरेको अनुपातमा प्रतिफल प्रदान गर्न सकिरहेका छैनौं । गत आर्थिक वर्षमा सोचेजसरी आर्थिक बृद्धि नभएता पनि यस वर्ष गत बर्षको तुलनामा उल्लेख्य मुनाफा आर्जन गर्न समर्थ भएका छौं । हामीले गत बर्ष देखि सदस्यहरुलाई शेयर लाभांशका अतिरिक्त थोरै रकम भएपनि संरक्षित पूंजी फिर्ता कोषबाट प्रतिफल प्रदान गर्न सुरु गरेका थियौं। यसबर्ष उक्त कोषमा उल्लेख्य रकम हुन पुगेकाले संस्थामा बचत तथा ऋणको कारोबार गर्ने सदस्यहरुले शेयर मुनाफाको रुपमा पाउँने रकम बाहेक थप अतिरिक्त लाभांशका रुपमा प्राप्त गर्दै हुनुहुन्छ। आशा एवं विश्वास छ यसबाट सदस्यहरु लाभान्वित भई संस्थामार्फत थप कारोवार गर्न यहाँहरुलाई प्रोत्साहन मिल्ने छ।

संस्थाको समग्र विकास कारोवार बृद्धिबाट मात्र मापन गर्न सकिदैन। यसको दिगो विकास र स्वस्थ विकास हुन जरुरी छ। यसै विषयलाई मध्यनजर गर्दै संस्था र नेफ्स्कुनको साझेदारीमा प्रोवेशन कार्यक्रम संचालित छ। सहकारीको अन्तराष्ट्रिय मापन

विधि पर्ल्स मनिटरिङ्ग सिष्टमलाई लागु गरी दिगो विकासमा ध्यान दिईएको छ।

संस्थामा हाल माइक्रोब्याँकर सफ्टवेयरको प्रयोग गरिएको छ। आगामी दिनमा प्रबिधिमैत्री कारोवार गर्न एस.एम.एस. बैंकिङ्ग, स्मार्ट बैंकिङ्ग, मनिट्रान्सफर सेवा आदि संचालन गर्ने प्रकृया अघि बढिसकेको छ। अघिल्ला बर्षमा नै कार्यक्षेत्र बिस्तारको निर्णय भएकोमा बिबिध प्रबिधिक कारणले उक्त कार्य अगाडि बढ्न सकेन। यस बर्ष उक्त कार्य सम्पन्न भई आगामी दिनमा सेवाकेन्द्र थप तथा अन्य संस्थालाई गाभ्ने र गाभिने प्रक्रिया अगाडि बढाइने छ।

## सदस्य बिस्तार तथा शेयर पुँजी बृद्धि

हामी हाम्रो कार्यक्षेत्रको तुलनामा सदस्यहरुको बिस्तारमा कमजोर भयौं कि भन्ने प्रश्न उठ्न सक्छ । आगामी बर्ष १ सदस्य बराबर १ सदस्य थप्ने उद्देश्य सहित हामीले ध्यान केन्द्रित गरेका छौं, सदस्य विस्तारको उद्देश्यमा हामीले सहकारीमा मूल सिद्धान्तमा आवद्ध हुन सक्ने गुणात्मक सदस्य विस्तारको योजना अघि सारेका छौं। संस्थाले यहाँहरुलाई आफ्नै कार्यालयमा पालैपालो निमन्त्रणा गरी संस्थाको लक्ष्य उद्देश्य, उपलब्ध सेवा तथा सुबिधा जानकारी गराउने र रणनीतिक योजना सम्बन्धमा यहाँहरुमा राय सुझाव लिनको लागि अवश्य नै छलफलको कार्यक्रम तत्काल देखि सुरुवात गर्ने नै छौं। यस्ता कार्यक्रमले संस्थाको ब्यबसाय बृद्धि हुने मात्र होइन सदस्यलाई संस्था तथा यसका गतिबिधिको जानकारी नियमित गराउन मद्धत पुग्नेछ। त्यसबाट सदस्यको आवश्यकता र चाहाना बुझ्न मद्दत पुग्नेछ भन्ने हाम्रो अपेक्षा छ। जसले गर्दा सदस्यहरुमा संस्थाप्रति अपनत्व महसुस भई हाम्रो संस्था भन्ने भावनाको विकास हुनेछ। हामीले अघिल्ला बर्षदेखि सबै सदस्यलाई अनिवार्य बचतलाई नियमित गरिदिनुहुन र अन्य बचतका कार्यक्रम मार्फत दैनिक कारोबार गरिदिनुहुन अनुरोध गरिआएकोमा धेरै सदस्यहरुले अनिवार्य बचतलाई नियमित गरिसक्नु भएकोछ। अझै धेरै सदस्यहरुको अनिवार्य बचत कार्य बाँकी रहेकाले म अनिवार्य बचतलाई नियमित गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु। संस्थाको शेयर रकम यथेष्ठ भएतापनि हरेक सदस्यहरुले एक सदस्य थपिदिनु भएमा लक्ष्य हासील गर्न मद्दत पुग्नेछ।

## संस्थाको वित्तीय अवस्था

हामी बचत तथा ऋणको आर्थिक कारोबार गर्ने संस्था भएकाले यहाँहरुलाई संस्थाको वित्तीय अवस्थाको बारेमा जानकारी गराउनु हाम्रो प्रमुख दायित्व नै हो। बिस्तृत वित्तीय अवस्था यहाहरुले संस्थाको लेखापरिक्षण प्रतिवेदनबाट जानकारी पाइ नै सक्नुभएको छ। यहाँहरुको हात हातमा रहेको संस्थाको बार्षिक प्रतिवेदनमा अंकित गरिएको संस्थाको क्यूआरकोडलाई आफ्नो मोवाइलबाट स्क्यान गरेर मासिक प्रतिवेदन यहाँहरुले नियमित रुपमा प्राप्त गर्न सक्ने ब्यबस्था हामीले मिलाएका छौं। साथै संस्थाको वेवसाइड ठेगानामा प्रतिवेदन पुस्तिकामा दिइएको छ सो लगअन गरी नियमित रुपमा संस्थाको आर्थिक लगायत सबै गतिबिधिहरु जानकारी लिन सक्नुहुने छ।

## मानव संशाधन, संस्थागत सुशासन तथा जोखिम व्यबस्थापन

संस्थामा हाल बिभिन्न तहका गरी जम्मा ९ जना कर्मचारीहरु रहेका छन। क्षमतावान कर्मचारीहरुले मात्र संस्थामा प्रभावकारी कार्य सम्पादन गर्न सक्छन भन्ने मान्यताकासाथ उचित पदमा उचित कर्मचारीको अवधारणलाई आत्मासाथ गर्दै अगाडि बढ्ने गरिएको छ। समय समयमा कर्मचारीहरुलाई तालिम तथा सिकाइमा सहभागी गराईदै आइएको छ। कर्मचारीहरुलाई अन्य सहकारीको तुलनामा प्रतिश्पर्धी सेवा तथा सुबिधा उपलब्ध गराइदै आईएको छ। संस्थाले मासिक तलव तथा सुबिधाका अलावा आफ्नो मुनाफाको अनुपातमा नियमानुसार बोनस बितरण गर्ने, जीवन तथा दुर्घटना वीमाको ब्यबस्था गर्ने, सामाजिक सुरक्षाकोषमा सहभागी गराउने जस्ता कार्यक्रमहरु गरेको छ। संस्थामा दीर्घ सेवा गर्ने कर्मचारीहरुले आफ्नो सेवा अवधी अगावै सेवा छोड्न चाहेमा बिशेष आर्थिक सुबिधा सहित बिदाइ गर्ने कार्यक्रमको समेत सोचाई रहेको छ। भविष्यमा संस्थाको बिकास तथा प्रगतिका आधारमा कर्मचारीलाई समेत सेवा सुबिधा थप्दै जाने नीति लिइएको छ।

संस्थाको हिसावलाई पारदर्शी सहकारी ऐन नियम तथा राज्यको नीति निर्देशन अुसार संचालन गर्नु गराउनु हरेक जीवन्त संस्था तथा निकायको प्रमुख कर्तब्य हो भन्ने हामीले आत्मासाथ गरेका छौं। संस्थामा रहेको लेखासुपरीवेक्षण समितिले उपर्युक्त

विषयमा यथेष्ठ ध्यान दिएको छ। यस अलावा संस्थामा हरेक बर्ष आन्तरिक लेखा परीक्षण गर्ने र अन्तिममा बाह्य लेखा परीक्षण कार्य गर्ने प्रावधान रहेको छ। हामीले भरपर्दो तथा बिश्वशनीय सफ्टवयर (माइक्रोब्यांकर) मार्फत संस्थाका सबै हिसाव लगायत सबै सदस्यको सम्पूर्ण हरहिसावहरु चुस्त दुरुस्त राख्ने गरेका छौं। संचालक समिति, लेखा सुपरीवेक्षण समिति तथा ऋण उप–समितिका बैठक तथा सल्लाहहरु नियमित हुने गरेका छन। संस्थाले ऋण लगानीमा आइपर्नसक्ने जोखिमलाई कमगर्ने उद्देश्यले मान्यता प्राप्त धितो मुल्याँकनकर्ताको ब्यबस्था गरी प्राप्त धितो मूल्याँकन प्रतिवेदनका आधारमा लगानी गर्ने नीति लिएका छौं। हामी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) ले संचालन गरेको गुणस्तर मापन (प्रोवेशन)कार्यक्रममा समेत सहभागी भई नेपालमा ब्राण्ड प्राप्त सहकारी बन्ने दिशामा अग्रसर छौं।

संस्थामा कुनै सदस्यलाई पनि बिना धितो ऋण लगानी गर्ने नीति रहेको छैन। सबै ऋणहरुमा अनिवार्य रुपमा आधिकारिक धितो मूल्याङ्कनकर्ताबाट धितो मूल्याँकन भएपछि मात्र ऋण नीतिमा ब्यबस्था भए अनुसार लगानी गर्ने गरिएकोछ। संस्थाको कुनै पनि संचालक वा कर्मचारीहरुको ब्यक्तिगत जमानीमा ऋण लगानी गर्ने गरिएको छैन। अहिलेको अवस्थामा कुनै पनि संचालकले यस संस्थाबाट ऋण लिनु समेत भएको छैन। संस्थाले जोखिम ब्यबस्थापन नीति २०७५ कार्यान्वयनमा ल्याएको छ। जोखिम पटक पटक आउदैन भन्ने होइन अझ आर्थिक कारोबार गर्ने संस्थाहरुमा अन्य संस्थाको तुलनामा बढि नै जोखिम आइरहने गर्छ। उक्त जोखिम ब्यबस्थापन नीतिले भविष्यमा पर्नसक्ने हरेक प्रकारका जोखिमलाई न्यूनिकरण गर्न मद्दत पुग्ने गर्दछ।

## माथिल्ला निकायमा आवद्धता तथा अन्तर सहकारी सम्बन्ध

सहकारी ऐन नियम तथा सहकारी सिद्धान्त अनुरुप प्रारम्भिक सहकारी संस्था आफ्नो माथिल्लो संघ वा संगठनमा आवद्ध हुनु पर्छ भन्ने मान्यता छ। यो संस्थाले सुरु देखि नै जिल्ला सहकारी संघ, काठमाडौंको सदस्यता प्राप्त गरी यस संस्थाका सचिव लक्ष्मण न्यौपानेले दुई कार्यकाल उक्त संघको नेतृत्वमा रहेर काम गरिसक्नु भएको छ। यस्तै राष्ट्रिय सहकारी बैंकको स्थापनाकाल देखि नै हामीले सदस्यता प्राप्त गरी बैंकको विकास र बिस्तारका लागि सक्रिय भूमिका निर्वाह गरी आएको तथ्य समेत अवगत गराउन चाहन्छु। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) मा समेत आवद्ध रही सक्रिय भूमिका निर्वाह गर्दै आइरहेको ब्यहोरा समेत जानकारी गराउन चाहन्छु।

हामी एक्लै यात्रा गरेर गन्तब्यमा पुग्न कठिन हुन्छ। यो सहकारी यात्रामा हाम्रो उद्देश्यसंग मेलखाने अन्य संस्थासंग सुमधुर सम्बन्ध स्थापित गरी मिलेर आर्थिक समृद्धिको यात्रा तय गर्न सक्छौं भन्ने महसुस गरेर बिगत देखि नै बिभिन्न संस्थासँग सुमधुर सम्बन्ध कायम गर्दै आर्थिक तथा अन्य बिषयमा मिलेरकाम गर्दै अगाडि बढि आएका छौं। भोलीका दिनमा त्यस्ता सम्बन्धलाई बझै बिस्तार गर्दै सहकारी ऐन २०७४ को दफा १४० ले निर्दिष्ट गरेको लक्ष्य तथा उद्देश्य परिपूर्ति गर्न ठोस रुपमा कार्य गर्ने समेत सोचाइ रहेको छ।

## नीति नियमको पालना

संस्थाले सहकारी ऐन नियमवाली, संस्थाको विनियम, सहकारी बिभाग तथा मन्त्रालयबाट समय समयमा प्राप्त हुने निर्देशन पूर्ण पालना गर्दै आइरहेको छ। संस्थामा हाल धेरै जसो नीति, कार्यबिधि तथा निर्देशिकाहरु रहेका छन्। हाल नेपाल राष्ट्रबैंकबाट लागू गरिएको सम्पत्ति शुद्धिकरण निवारण ऐनको पालना गर्दै लगिएको छ। सदस्यहरुले १० लाख भन्दा बढी रकम जम्मा गर्दा अनिवार्य श्रोत खुलाउनुपर्ने नियमलाई कडाईकासाथ लागू गरिएकोछ। संस्थाले सम्पत्ति शुद्धिकरण सम्बन्धी कार्यबिधि तयार गरी कार्यान्वयनमा ल्याएको छ। हामीले आफ्नो वेभसाइट www.brightsaccos.com मार्फत मासिक आर्थिक प्रगति विवरण लगायत संस्थाको गतिबिधिहरु गर्दै आइरहेका छौं। संस्थाले सदस्यहरुको विवरण कोपोमिसमा प्रविष्ट गराउने कार्य भई नै रहेको छ। पर्ल्स अनुगमन प्रणालीलाई मर्गदर्शक मानी पर्ल्स प्रणालीका सूचांकहरु अनुरुप हिसावहरु चुस्त दुरुस्त राखिने गरिएकोछ। मासिक रुपमा सम्बन्धित नियमनकारी निकायलाई प्रतिवेदनहरु पठाउदै आएका छौं।

## स्थिर तथा अन्य सम्पति

अघिल्लो बर्ष संस्थाले आफ्नो भवन खरिद गरेको तथा त्यस अगाडी देखि आफ्नो जग्गा समेत रहेको हुदा स्थिर सम्पत्ति केहि बढी रहेको देखिन आएको छ। सहकारी संस्थाले धेरै भौतिक सम्पत्ति थुपार्नु पक्कै पनि राम्रो मानिदैन। संस्थालाई आवश्यक नपर्ने सम्पत्ति बिक्री गरिने नीति लिइएको छ। हाल संस्थाको नाममा रु.२२,२४८,०८९/०० बराबरको भवन तथा ५४,३२०,४०५/०० बराबरको जग्गा रहेको छ। साथै रु.४,८२,१५३/०० रकम बराबरको गाडि रहेको छ। संस्थामा रहेका अन्य सम्पत्ति सम्बन्धमा यसै पुस्तिकाको लेखा परीक्षण प्रतिवेदनमा बिस्तृत रुपमा खुलाईएको छ।

### सामाजिक उत्तरदायित्व तालिम, शिक्षा तथा सेमिनार

हामीले बिभिन्न समाजिक तथा शैक्षिक संस्थाहरुलाई आर्थिक एवं भौतिक सामाग्रिहरु उपलब्ध गराउदै आइरहेको छौं। यसरी उपलब्ध गराउँदा संस्थाका प्रतिनिधिहरु स्वयं उपस्थिति हुने गरेका छन्। यस्ता कार्यहरु निरन्तर जारि रहनेछन। यो संस्थाको सामाजिक उत्तरदायित्व समेत हो। गत बर्ष कोभिड उपचारमा संलग्न चिकित्सकको सम्मान तथा सहयोग गर्नुका साथै रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो। यस बर्ष पनि काभ्रेको पनौती स्थित श्री राम मा.बि. मा आर्थिक अवस्था कमजोर रहेका बिद्यार्थीका लागि शैक्षिक सामाग्री उपलब्ध गराउनुका साथै हाडिगाउँ काठमाडौ स्थित समुदाय, वातावरण तथा बाल विकास संघमा आश्रित असहाय बालबालिकाका लागि बिबिध भौतिक सामाग्री उपलब्ध गराइएको थियो।

संस्थाले बिभिन्न समयमा संस्थाका संचालक तथा कर्मचारीहरुका लागि तालिम तथा गोष्ठीको आयोजना गर्दै आइरहेको छ। यस बर्ष २ पटक बिस्तारित मंच तथा अन्तरक्रियाका कार्यक्रम आयोजना गरिएको छ। यसै बर्ष देखि सबै सदस्यहरुका लागि बर्षमा एक पटकसम्म पालैपालो सहकारी शिक्षा कार्यक्रममा सहभागी गराइने कार्ययोजना रहेको छ। साथै बिभिन्न समयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएका तथा हुने तालिम गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रमहरुमा सहभागिता रहिआएको तथा रहने नै छ। भोलिका दिनमा यसलाई निरन्तरता दिइनेछ।

### सदस्यहरुका लागि थप सेवा तथा सुबिधाहरु

संस्थाले हरेक सदस्यहरुका लागि दुर्घटना वीमा, बिरामी हुदा औषधोपचार खर्च र मृत्यु हुदा संस्कार खर्च उपलब्ध गराउदै आइरहेको छ। निकट भविष्यमा रेमिट्यान्स सुबिधा, स्मार्ट बैंकिङ्ग, अनलाइन बैंकिङ्ग, युटिलिटि भुक्तानी, नगद रहित कारोबार सुबिधा, QR भूक्तानी लगायत सेवाहरु संचालनको तयारी भइरहेको छ।

अन्त्यमा, आजको वार्षिक साधारणसभा समारोहमा हाम्रो आतिथ्यलाई स्वीकार गरी आफ्नो ब्यस्त समयका बावजुद कार्यक्रमलाई सफलतापूर्बक सम्पन्न गराउन सहभागी हुनुहुने प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, शेयरधनी सदस्यज्यूहरु शुभेच्छुक शुभचिन्तक, पूर्व अध्यक्षज्यूहरु लगायत सल्लाहकार ज्यूहरु विभिन्न समिति तथा उपसमितिका पदाधिकारीहरु, कर्मचारीहरु लगायत पत्रकार मित्रहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। साधारणसभा सम्पन्न गर्न हलको ब्यवस्थापन गरी दिवाभोजको ब्यवस्थापन गरिदिनुहुने होटल हार्दिक परिवारलाई समेत धन्यवाद दिन चाहन्छु।

धन्यवाद जय सहकारी।

**रामइन्द्र न्यौपाने**
अध्यक्ष

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.को
# २३ औं वार्षिक साधारणसभामा प्रस्तुत
# लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन-२०७९

यस ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.को २३ औं बार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू सञ्चालक समितीका पदाधिकारीज्यूहरू, ऋण उप–समितिका पदाधिकारीज्यूहरु, उर्जाशीलकर्मचारीहरु, पत्रकार मित्रहरु, सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा सभामा उपस्थित हुनुभएका शुभ–चिन्तकज्यूमित्रजनहरुमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत गर्दै सहकारी अभिवादन गर्दछौं।

आ.व. २०७८/०७९ को लेखा सुपरीवेक्षण समितिको तर्फबाट वाई सि.पि. एण्ड एसोसियट्स प्रा. लि. लाई आन्तरिक सुपरीवेक्षण गराइयो। यस समितिले त्रैमासिक रुपमा लेखा परीक्षण गर्ने कार्य गर्दै आएको छ। यो विवरण त्रैमासिक रुपमा प्रबन्ध संचालक मार्फत संचालक समितिलाई उपलब्ध गराइएको छ। हाम्रो सुझाव समयमा नै कार्यान्वयन गरेर लेखा दुरुस्त र पारदर्शी राखेकोमा संचालक समिति ब्यवस्थापन लेखा हेर्ने कर्मचारी समेतलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं। सर्वाङ्गीण सम्वृद्धिका लागि सहकारी भन्ने मूलमंत्र बोकेको यस संस्थामा लेखा सुपरीवेक्षण समितिमा रही काम गर्ने अवसर प्रदान गर्नुभएकोमा सम्पुर्ण सदस्य महानुभावहरुलाई धन्यवाद दिन चाहन्छौं।

हामीले सहकारी ऐन २०७४, नियमावली २०७५ संस्थाको विनियम २०५६(संसोधन सहित)संस्थाको लेखा लगायतका अन्य सम्बद्ध नीतिहरु प्रचलित लेखा संग सम्बन्धित ऐन कानुनको अधीनमा रही हामीलाई समितिले तोकिएको अधिकारको परिधिभित्र रही यो प्रतिवेदन तयार पारेका छौं।

## १) २२औंसाधारण सभाका निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा ।

संस्थाका अध्यक्ष श्री रामइन्द्र न्यौपानेज्यूको अध्यक्षतामा मिति२०७८/०९/०२ गते शनिवार होटल हार्दिक बागबजारमा भएको २२औं वार्षिक साधारण सभामा कूल १३ वटा प्रस्ताव उपर छलफल भई निर्णय गरिएकोमा केही निर्णय बाहेक सबै जसो निर्णयहरु कार्यान्वयन भएको पाईयो।

## २) संचालक समितिको बैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था

आ.व.२०७८/०७९मा संचालक समितिको मासिक रुपमा वैठक भएको छ। बैठक संख्या १४ पुगेको र अधिकांश वैठकका निर्णयहरु कार्यान्वयन भएको पाईयो।

## ३) ऋण लगानीको प्रक्रिया

संस्थाको ऋण नीति २०७६(संसोधन सहित) अनुसार संस्थामा अल्पकालीन तथा दीर्घकालीन अवधिको ऋण लगानी भएको पाइयो। संस्थाले आफ्नो सदस्यहरुको मागअनुसार उपभोग क्षमताको पहिचान गरी सोही आधारमा धितो निरीक्षण, प्राविधिक मुल्याङ्कनका आधारमा ऋण उप–समितिले सिफारिस गरेपछि धितोको ७०% सम्म ऋण लगानी गरेको पाईयो। नियमित बचत तथा आवधिक बचतको ऋणमा ९०% सम्म प्रबन्ध संचालकको स्वीकृतीमा ऋण लगानी गरेको पाइयो। विना धितो ऋण लगानी गरेको पाइएन।

## ४) नियामक निकाय, सहकारी बिभाग, नेपाल राष्ट्र बैंक, आन्तरिक राजस्व विभाग आदि निकायको अनुगमनमा देखिएको कमिकमजोरीको सुधार सुझावको अवस्था ।

आ.व.२०७८/०७९मा विभिन्न निकायबाट अनुगमन भएको र उक्त अनुगमनबाट देखिएका अधिकांश कैफियतहरु समाधान गरेको र केही सुधारको क्रममा समेत रहेको पाईयो।

## ५) संचालक समिति, लेखा सुपरीवेक्षण समिति, तथा विभिन्न उप-समितिको बैठक भत्ता तथा अन्य सेवा सुविधा सम्बन्धमा ।

संचालक सामिति तर्फ अध्यक्षलाई रु.६,०००।- अन्य पदाधिकारीलाई रु.५,०००।-लेखा सुपरीवेक्षण समितिलाई रु.४०००।-उप-समितिलाई रु.३५००।- नियमानुसार कर कट्टि गरी बैठक भत्ता उपलब्ध गराउने गरेको र ऋण उप समितिका पदाधिकारीहरुलाई धितो निरीक्षण गर्दा धितो रहेको स्थानको भौगोलिक अवस्था र दुरीको आधारमा धितो निरीक्षण भत्ता प्रदान गरेको पाइयो।

## ६. कार्यालय प्रमुख तथा कर्मचारीहरूको तलबभत्ता र अन्य सुविधा ।

संस्थाको प्रबन्ध संचालकले प्राप्त गर्ने तलब तथा पारिश्रमिक सुविधामा लाग्ने नियमानुसारको कर कट्टि थप गरी मासिक तलब वापत रु.८४,०००।-, परिवहन वापत रु.१०,०००।-,खाजा वापत रु.२,०००।- रु.५ लाख बराबरको जीवन वीमा तथा १ सवारी साधन सुविधाको रुपमा उपलब्ध गराइएको पाइयो। निजले संचालक समितिको सचिवको हौसियतले पाउने बैठक भत्ता लगायत कुनै पनि सुविधा लिएको पाइएन। संस्थामा रहेका कर्मचारीहरुलाई मानव संसाधन ब्यवस्थापन नीति-२०७६ को आधारमा संचालक समितिले समय सापेक्ष परिमार्जान गरी तलब सुबिधा प्रदान गर्दै आएको पाइयो। संस्थामा रहेका सम्पूर्ण कर्मचारीहरुलाई रु.१,००,०००।- देखि रु.५,००,०००।- सम्मको जीवनविमा र.१०,००,०००।- सम्मको दुर्घटना विमा समेतको ब्यवस्था गरेको पाइयो।

## ७. संस्थामा भएका विधमान नीति निर्देशिकाहरु कार्यान्वयनको अवस्था ।

संस्था संचालनका लागि आवश्यक पर्ने नियम विनियम, विभिन्न नीतिहरु पारित गरी संस्था पारदर्शी रुपमा विधि सम्मत संचालन गरेको पाइयो।

## ८. संचालक तथा कर्मचारीहरूको स्वदेश तथा विदेशमा तालिम, गोष्ठी, सेमिनार सम्बन्धमा ।

संस्थामा रहेका कर्मचारीहरुलाई बिभिन्न समयमा सम्बन्धित ब्यवसायिक संस्थाहरुबाट स्वदेशमा आयोजना हुने तालिम गोष्ठीमा सहभागी गराइएको पाइयो। गत बर्ष संस्थाबाट कसैले पनि विदेशमा तालिम गोष्ठी सेमिनारमा भाग लिएको पाइएन।

## ९. जनशक्तिको पदपूर्ति सम्बन्धमा

संस्थामा ब्यवस्थापकीय अधिकृत स्तर र सहायकस्तर गरि ९ जना कर्मचारी कार्यरत रहेको पाइयो। हालको संस्थाको कारोबारलाई दृष्टीगत गर्दा सो जनशक्ति अपुग रहेको पाइयो। आगामी नव निवाचित संचालक समितिले यस तर्फ आवश्यकताका आधारमा निर्णय लिने नै छ। पदपूर्ति ब्यबस्थाको सम्बन्धमा मानव संसाधन ब्यवस्थापन नीति-२०७६ को प्रावधानका आधारमा गरेको पाइयो। भविष्यमा समेत सो नीति पूर्ण कार्यान्वियन हुने अपेक्षा राखेका छौं।

## १०. कर्जाको गुणस्तरीयता र जोखिम कोषको ब्यवस्था

संस्थामा गैर सदस्य र विनाधितो ऋण लगानी गरेको पाइएन। अधिकांश ऋण सुरक्षित नै देखिन्छ। लगानी भएका केही ऋण भाखा नाघेको र सो मा तर तागेता गर्ने, अटेर गर्नेलाई प्रकृया पुऱ्याएर लिलामी प्रकृया अपनाएको पाइयो। ऋण लगानी असुली ब्यवस्थित गर्दै संस्था अझै राम्रो र ब्यवस्थित बनाउन समिति उप-समिति, कर्मचारीहरुको मात्र दायित्व नभै हामी सम्पूर्ण सदस्यहरुको समेत दायित्व हो। सदस्य भित्र लगानी गरिने भएकोले सदस्यहरु स्वयं अति गम्भिर हुनु आवश्यक भएको ब्यहोरा यो गरिमामय सभालाई जानकारी गराउदछौं। अघिल्लो वर्ष कोभिड १९ तथा अहिले डेंगुको प्रकोप फैलिरहेको अवस्थामा संस्थामा धेरै असर परेको पाएका छौं। संस्थाले असल एवं भाखा नाघेको ऋणका लागि जोखिम कोष रु.१,९०,७२,५२७।- ब्यवस्था गरेको पाइयो।

## ११. संस्थाको स्थिर सम्पत्ति र घर जग्गाको अवस्था

संस्थाले विगत आ.वा. मा खरिद गरिएको मूल्यांकन अनुसारको जग्गाको मूल्य रु.५,४३,२०,४०५।- भवनको रु.२,२९,४०,४४४।- जम्मा रु.७,७२,६०,८४९।- कायम भएको देखिन्छ। होटल हार्दिकसंगै रहेको जग्गा विक्री प्रकृया अघि बढेको छ। हाल संस्थाले खरिद गरेको आफ्नै भवनबाट कार्यालय संचालन भई रहेको छ।

## १२. लेखा सुपरीवेक्षण समितिको सुझावहरु :

यस समितिबाट नियमित रुपमा संस्थाका आर्थिक क्रियाकलापका विल भरपाई, खाता कम्प्युटर सफट्वेयरमा कायम अभिलेख भिडाई जाँच गर्ने गराउने गरिएको छ। निरीक्षणका क्रममा देखिएका केही त्रुटी एवं कैफियतहरुलाई सम्बन्धित कर्मचारीलाई बोलाइ तत्कालनै सुधार गर्न लगाउने गरिएको छ। यसरी निरीक्षणका क्रममा देखिएका त्रुटि एवं कैफियत सच्याउन र नदोहोरिने ब्यवस्था गर्न त्रैमासिक रुपमा प्रबन्ध संचालक मार्फत संचालक समिति समक्ष प्रस्तुत गर्ने गरिएको छ। सो उपर प्रबन्ध संचालक, संचालक समिति तथा कर्मचारीहरुले गम्भीरतापूर्वक सुधार गरेर अद्यावधिक राखेको पाएका छौं। आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त राख्नका लागि संस्थामा विभिन्न प्रकारका नियम, विनियम, नीतिहरु, कार्यविधिहरु तयार गर्नुका साथै यस समितिको सिफारिसका आधारमा नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थाबाट इजाजतप्राप्त एकाउण्टेन्टबाट आन्तरिक लेखापरीक्षण गराउदै आएकोमाआ.व. २०७८/०७९ मा लेखा विश्लेषक कम्पनीका प्रतिनिधिबाट सेवा लिइयो। यो अनुभवले आइन्दा लेखापरीक्षण कार्यमा नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थाबाट इजाजतप्राप्त एकाउण्टेन्डबाट चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनु आवश्यक देखेका छौं।

## १३. लेखा सुपरीवेक्षण समितिको थप सुझावहरु :-

१. संस्थाले आफ्नै भवनबाट कार्यालय संचालन गरिरहेकोले पर्याप्त स्थानको ब्यवस्था रहेको हुँदा अनिवार्य रुपमा शेयर सदस्यहरु ऋणी सदस्यहरुलाई नियमित सहकारी शिक्षाको गोष्ठी संचालन गर्ने अध्यक्ष तथा प्रबन्ध संचालकले संख्या र मोडालिटी तय गरी महिनामा २/२ वटा सम्म आफ्नै कार्यालयबाट सदस्य शिक्षा उपलब्ध गराउन तत्काल पहल कदमी लिनुपर्ने देखिन्छ।

२. संस्थामा संलग्न कर्मचारी तथा अन्य पदाधिकारीलाई निरन्तर तालिम गोष्ठी गर्न विज्ञ झिकाई आफ्नै कार्यालयबाट संचालन गराउने कार्यको सुरुवात गर्ने।

३. सवै सदस्यहरुबाट अनिवार्य मासिक वचत गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने र बचतका अन्य योजना समेत लागू गर्ने।

## १४. नयाँ प्रविधि प्रयोग गरेर सदस्यको भविष्य सम्वृद्धि गर्ने बारे:-

१. लामो प्रतीक्षा र प्रयत्नपछि संस्थाको आफनै घर जग्गाको ब्यवस्था भैसकेको अवस्थामा यसको वहुप्रयोग तथा सदस्यज्यूहरुलाई अपनत्व दिलाउन संस्था मितब्ययी रुपमा संचालन गर्न आवश्यक भएकोले सहकारी शिक्षा कार्यक्रम संस्थाकै कार्यलयबाट संचालन गर्न आवश्यक छ।

२. सहकारी क्षेत्रमा चौतर्फी भएको प्रहार केही सहकारी संस्था विधि सम्मत संचालित नहुदा सहकारी क्षेत्र बदनाम भैरहेको अवस्थामा इमान्दारीपूर्वक संचालन गर्ने सहकारी समेतको साखमा ह्रास आइरहेको अवस्था रहेकोले सदस्यज्यूहरुले पनि आफ्नो संस्था कसरी चलेको छ समय समयमा जानकारी लिन र संस्थाबाट पनि समय समयमा संस्थावारे जानकारी गराउनु आवश्यक छ।

३. मुलुक गतिहीन नीतिहीन भैदिदा देशमा दिगो लगानीका क्षेत्र विस्तार हुन सकेका छैनन्। विशेषज्ञ विज्ञको राय सल्लाहमा नयाँ नयाँ क्षेत्र पहिचान गरी सदस्यलाई आफ्नो कारोबार वृद्धिका योजना पहिल्याउनु आवश्यक छ।

४. गत साधारण सभामा पनि यस समितिले सुझाव गरिएको हाइब्रिड योजना बारेमा अध्ययन हुनु जरुरी छ।

वित्तीय परिचालनमा दिगो र भरपर्दो बनाउन र सदस्यलाई आकर्षक योजनाहरु बनाई अध्ययन गरी लागू गर्न उपयुक्त देखिन्छ।

५. सहकारी क्षेत्रमा कोलाहल मच्चिनु, केही संस्था अव्यबस्थित विधि सम्मत संचालन नहुनु संचालक समिति र ब्यवस्थापनवीच समन्वय नहुनु व्यक्तिगत स्वार्थका कारण हो । यसै कारण संचालक समिति विशुद्ध नीति निर्माणकर्ताको भूमिकामा र ब्यवस्थापन समिति संचालक तथा पदाधिकारीको मार्गदर्शन अनुरुप नियम सम्मत संस्था संचालनमा स्वतन्त्र रुपमा जवाफदेहिताका साथ संचालन गर्न सधैं चनाखो हुनु अतिआवश्यक छ।

६. कर्मचारीको इमान्दारीता लगनशीलता, अनुशासन,पारदर्शिता शीघ्रतालेनै संस्था सवल सक्षम वलियो दिगो र भरपर्दो हुन्छ। संस्था बलियो भएपछि कर्मचारीहरुले पनि विकल्प रोज्नु पर्दैन। समय सापेक्ष सुविधा उपलब्ध गराउन सकिन्छ।

७. ऋण लगानी असुली जस्ता कार्य रुटीन अनुसार पालना हुन आवश्यक छ।

८. कहिले कोभिड कहिले डेंगु जस्ता प्रकोपले ब्यवधान सृजना भएको भएतापनि संस्था गतिशील चलायमान बनाउनका लागि सदस्यज्यूहरुले गरेका शर्त तथा रुटीन पूर्ण पालनाहुनु आवश्यक छ।

९. कोभिडका कारणले शिथिलता आएको प्रोवेशन सम्बन्धी कार्यले निरन्तरता नपाएको हुँदा छिट्टै उक्त कार्यक्रमको लक्ष्य हासिल गर्न निरन्तरता पाउने छ।

ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.सहकारी ऐन, नियमावली, विनियम, नीति, निर्देशन, कार्यविधि सम्मत ढंगले सहकारीको मूल्य र मान्यतालाई आत्मासात गर्दै अघि बढेको यो संस्था २३औं वर्ष प्रवेश गर्दैछ। यसलाई सफल बनाउन हामी सवै सदस्य साधारण सभा,संचालक समिति,विभिन्न समिति, उप–समिति, ब्यवस्थापन प्रमुख, कर्मचारी सबै टिमका साथ निस्वार्थ ढंगले काम गरेकाले नै सफल भएका छौं। यो सफलता सबैको सकारात्मक सोचको उपज हो। सबैले सदैव सदस्यको हित र कल्याणका लागि काम गरेको पाएका छौं। संस्थाले कर पछिको खूद मुनाफा रु.२,३०,७२,७४६।– आर्जन गर्न सफल भएको छ। विस्तृत लेखापरीक्षण प्रतिवेदनमा बिभिन्न अनुसुचिमा उक्त बिषय देखाइएका छन्। यसको श्रेय प्रवन्ध संचालक तथा कर्मचारीहरुमा जान्छ। उहाँहरु धन्यवादका पात्र हुनुहुन्छ।

अन्तमा प्रस्तुत विवरणमा शेयर सदस्यहरुले ब्यापक छलफल गरी संस्थालाई विधिको पालना गराई मजबुतका साथ अगाडि बढाउन महत्वपूर्ण सल्लाह दिने विश्वास लिएका छौं। आज यस गरिमामय २३औं साधारणसभामा हाम्रो प्रतिवेदनलाई धैर्यतापूर्वक सुनिदिनु/ पढिदिनु भएकोमा सवै सहभागी सदस्यज्यूहरु तथा अन्य महानुभावहरुप्रति आभार प्रकट गर्दछौं। प्रस्तुत प्रतिवेदन उपर गहन छलफल गरी आफ्नो विचार समेत प्रस्तुत गरी पारित गरिदिनुहुन हार्दिक आग्रह गर्दछौं। धन्यवाद, जय सहकारी।

| | | |
|---|---|---|
| **हरिवोल बडाल** | **गोकर्णबहादुर थापा** | **गंगा प्रसाद शर्मा घोरसाइने** |
| सदस्य | सदस्य | संयोजक |

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.को
## २३औं वार्षिक साधारणसभा समक्ष
## सचिव तथा प्रवन्ध सञ्चालक श्री लक्ष्मण न्यौपानेद्वारा प्रस्तुत
## नीति कार्यक्रम तथा प्रस्तावित बार्षिक बजेट आ.व. २०७९/०८०

२३औं साधारणसभाका सभाध्यक्षज्यु, प्रमूख अतिथिज्यु, अतिथिज्यूहरु, शेयर सदस्यज्यूहरु, पत्रकार मित्रहरु, कर्मचारी साथीहरु, शुभेच्छुक शुभचिन्तकहरु। संस्थाको यस गरिमामय साधारणसभा समक्ष संस्थाको आ.व. २०७९।०८० को बार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यहाहरुसमक्ष उपस्थित हुन पाउँदा गौरव महसुस गरेको छु।

अघिल्ला दुई आर्थिक बर्षमा विश्वब्यापी कोभिड १९ महामारीका कारण अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्न गई संस्थाले लिईएका लक्ष्यहरु हासिल हुन सकेनन। अहिले पनि त्यसैको दीर्घकालीन प्रभाव र अर्थतन्त्रमा देखापरेको राष्ट्रिय मन्दीका कारण अर्थतन्त्रले गति लिन सक्ने संकेतहरु देखिएको छैन। यो अवधिमा सदस्यहरुबाट बढी भन्दा बढी सहयोग प्राप्त हुनेछ भन्ने बिश्वास लिएकोछु। आर्थिक क्षेत्रमा परेको नकारात्मक प्रभाव सधैं रहिरहनेछ। भन्ने होइन। कालो बादलभित्र पनि चाँदिको घेरा हुन्छ भने झैं असहज परिस्थितिका बीच सहजता अवश्य आउनेछ। छिट्टै नै देशमा नयाँ निर्वाचन भई राष्ट्रले निकास पाउनेछ। अहिलेका चुनौतीहरु हटेर जानेछन्। हामीले हरेक परिस्थितिमा आशाबादी हुनैपर्छ। सदस्यहरुको यो उत्साह र उपस्थितिले संस्थाको जीवन्तता र क्रियाशिलताको संकेत मात्र गरेको छैन भविश्यमा सदस्यहरुको निरन्तर रुपमा सक्रिय रहन प्रेरणा प्राप्त हुनेछ। सदस्यहरुको क्रियाशिलता र सक्रियताले संस्थाको आगामी कार्यदिशा उज्वल रहने छ। हामीलाई अझै जाँगरकासाथ अगाडि बढ्न प्रेरणा प्राप्त हुनेछ।

चालु आर्थिक बर्षका कार्यक्रमहरु संस्थाको वर्तमान विषम् परिस्थितिमा हामीले तय गरेका लक्ष्य, संस्थाको दिगो विकास र सदस्यहरुको अपेक्षाहरुको सारको रुपमा विकास गर्ने प्रयास गरिएको छ। सहकारीका मुल्य, मान्यता र सिद्धान्तलाई आत्मसाथ गरी संस्थालाई उत्कृष्ट सहकारीको रुपमा विकास गर्न हाम्रा आगामी कार्यक्रम तथा योजनाले योगदान गर्नेछन् भन्ने विश्वास लिएका छौं।

### आगामी आर्थिक बर्षका लागि बजेटले निर्दिष्ट गरेका कार्ययोजना

१) संस्थाको सेवा तथा ब्यवसाय विस्तार गर्न अन्य संस्थासँगको एकीकरण, कार्यक्षेत्र बिस्तार तथा सेवा केन्द्रहरुको थप

२) शेयर पूँजी, जगेडा कोष, बचत , सम्पति र ऋणको संतुलन कायम गर्ने।

३) परम्परागत कार्यशैलीलाई परिवर्तन गर्दै प्रविधिमैत्री सेवा ब्यवसायमा जोड दिई सदस्यहरुलाई सहज रुपमा कारोवार गर्ने वातावरण निर्माण गर्दै जाने।

४) प्रत्येक एक सदस्य बराबर अर्को एक सदस्य थप गर्न कार्यक्रम आजैदेखि सबै सदस्य सक्रियातापूर्वक लाग्ने वातावरण निर्माण गर्ने

५) आम्दानीमा बृद्धि र खर्च कटौतीमा जोड दिने।

६) संस्थाले आफ्नै भवनबाट कारोबार सुरु गरेकाले सदस्यहरुमा संस्थाप्रति थप विश्वास सृजना हुन गई कारोबार बृद्धि हुन जाने अपेक्षा गरिएकाले कर्मचारीहरुलाई अझै सबलीकरण गराई सदस्यप्रति थप उत्तरदायित्व बोध गराइने छ।

६) निस्क्रिय सदस्यहरुलाई सक्रिय गराई कारोवार गर्न अभिप्रेरित गराइने छ।

७) नेपस्कून, राष्ट्रिय सहकारी बैंक जस्ता ब्यवसायिक संस्थासंग अन्तरबैकिंङ्ग कारोबार बृद्धि गरी संस्थाको कारोवार बढाईने।

८) आर्थिक तथा वित्तीय क्षेत्रमा देखिएको तरलता संकटलाई समाधान गर्न सदस्यबाट सहयोगको अपील गर्दै बर्तमान संकटबाट पार लगाई पूर्ववत अवस्थामा संस्थाका आर्थिक गरिबिधि संचालन गर्ने।

९) गत बर्षदेखि शेयर लाभाँशका अलावा सदस्यहरुलाई संरक्षितपूँजी फिर्ताकोषबाट समेत प्रतिफल प्रदान गर्न सुरुवात गरिएकाले सदस्यहरुमा आफुले पाउने ब्याजमा थप प्रतिफल प्राप्त गर्ने र ऋणीले तिरेको ब्याजमा थप छुट पाउने हुँदा सदस्यलाई आफ्नै संस्थाबाट कारोबार गर्न हौसला मिल्ने अपेक्षा गरिएको छ।

१०) संस्थामा हाल रहेका बचत योजनाहरुका अलावा निश्चित समय अवधिमा दोब्बर रकम भुक्तानी प्राप्त गर्न सकिने जस्ता योजना ल्याईनेछ।

११) सदस्यहरुलाई प्रतिष्पर्धी ब्याज दर उपलब्ध गराउने तथा ऋणीहरुलाई सकेसम्म कम ब्याजमा लगानी गर्न प्रयत्नरत हुने।

१२) संस्थाका संचालक तथा बिभिन्न उप-समिति पदाधिकारीहरुमा नेतृत्व विकासका लागि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि तालिम गोष्ठी, सेमिनार तथा सहकारी अध्ययन अवलोकन भ्रमणको कार्यक्रम आयोजना गर्ने

१३) संस्थामा रहेका विनियम, नीति, निर्देशिका तथा कार्यबिधिहरु समयसापेक्ष परिमार्जन गर्दै जाने।

१४) आन्तरिक तथा बाह्य लेखापरीक्षण कार्य अझै प्रभावकारी बनाइने।

१५) संस्थामा शेयर रकम तथा जगेडा कोष रकममा उल्लेख्य बृद्धि भई संस्था अझै सबल हुँदै जाने हुँदा यसतर्फ विशेष जोड दिइने छ।

१६) यस बर्ष संस्थाले तय गरेका लक्ष्य हासिल गर्न आबश्यक श्रोत ब्यवस्थापन तथा परिचालन गरिने छ।

| विवरण | समीक्षा अवधिको यथार्थ | आ.ब. २०७९/०८० को अनुमानित |
|---|---|---|
| १. शेयर पूंजी | ८१,३७२,१००.०० | ८९,५१०,०००.०० |
| २. जगेडा कोष | ६०,९६३,२७९.५२ | ७९,२५४,२८४.३० |
| ३. कोष हिसाव | १७,६६५,५६८.४४ | २१,२७८,४४८.६१ |
| ४. कर्जा सुरक्षण कोष | १९,०७१,२३५.४९ | ३१,९१४,३८०.०० |
| ५. बचत निक्षेप | ५३३,२८९,६०२.१२ | ६९३,२७७,०००.०० |
| ६.भुक्तानी दिनुपर्ने | ९८०,२५०.२७ | १,१२८,०००.०० |
| ७.अन्य दायित्व | ३,१०२,२५१.५९ | ३,४१३,०००.०० |
| ८.वाह्य ऋण | १११,१८७,११०.२४ | ६३,१८७,११०.२४ |
| ९.आय कर दायित्व | ३,८२३,४०९.२४ | ४,५६४,२३८.६७ |
| **जम्मा** | **८३१,४५४,८०६.९०** | **९८७,५२६,४६१.८२** |

| विवरण | समीक्षा अवधिको यथार्थ | आ.व २०७९/८० को अनुमानित |
|---|---|---|
| १. नगद | १,१९६,५९३.९६ | ७४९,२५२.१७ |
| २. बैंक | ६८,१५७,३९९.८० | १३८,६५६,०००.०० |
| ३. आर्थिक लगानी | २,०२८,४००.०० | २,३३३,०००.०० |
| ४. ऋण लगानी | ६७६,६९९,२८५.१८ | ७७५,४९८,०००.०० |
| ५. पाउनु पर्ने | ३,५१५,३८०.६४ | ३,८६७,०००.०० |
| ६. स्थिर सम्पति | ७९,८५७,७४७.३२ | ६६,४२३,२०९.६४ |
| जम्मा | ८३१,४५४,८०६.९० | ९८७,५२६,४६१.८१ |

| रणनीतिक क्रियाकलाप | समीक्षा अवधिको यथार्थ | आ.व २०७९/८० को अनुमानित |
|---|---|---|
| वित्तीय आम्दानी | ९९,९७०,६८०.१६ | १०९,२६९,६०३.९६ |
| क) ऋणबाट प्राप्त आम्दानी | | |
| ऋणवाट प्राप्त ब्याज | ८९,३४८,२३१.१२ | १०१,६५३,८०९.९६ |
| ऋणवाट प्राप्त हर्जना | ३,३८३,२७६.९४ | ८५,७००.०० |
| जम्मा | ९२,७३१,५०८.०६ | १०१,७३९,५०९.९६ |
| शेयर लगानीबाट प्राप्त आम्दानी | २७७,८६१.७० | २९१,६२५.०० |
| तरल लगानीबाट ब्याज प्राप्त | ६,९६१,३१०.४० | ७,२३८,४६८.९९ |
| जम्मा | ७,२३९,१७२.१० | ७,५३०,०९३.९९ |
| ख) गैर वित्तीय आम्दानी | | |
| प्रवेशशुल्क | ४,१००.०० | ८,५००.०० |
| ऋण ब्यवस्थापन शुल्क | ३,६४४,८५०.०० | ३,२६०,३५७.५९ |
| ऋण सेवाशुल्क | ४,१२१,०००.०० | ३,६९२,७९७.२२ |
| ऋण नविकरण शुल्क | १,०३७,४९२.१५ | १,१९४,०००.०० |
| खाता बन्द शुल्क | १९,५००.०० | २३,०००.०० |
| ऋण नोक्सानी ब्यवस्थाबाट प्राप्त हिसाब खाता | ५६९,६०१.९७ | १४,४६०,०६८.०० |
| घर भाडा आम्दानी | ६४८,०००.०० | १,२९६,०००.०० |
| विविध आम्दानी | २२६,४०१.२७ | ३८८,०००.०० |
| जम्मा | १०,२७०,९४५.३९ | २४,३२२,७२२.८१ |
| कुल जम्मा | ११०,२४१,६२५.५५ | १३३,५९२,३२६.७६ |

| खर्च विवरण | समीक्षा अवधिको यथार्थ | आ.व २०७९/८० को अनुमानित |
|---|---|---|
| क. कार्यक्रमिक खर्च | | |
| समीक्षा गोष्ठी तथा विस्तारित मंच | १९३,३१५.०० | ६५०,०००.०० |
| सदस्य प्रबर्द्धन खर्च | १२३,२००.०० | ६४२,०००.०० |
| अध्यन अवलोकन तथा भ्रमण खर्च (स्वदेश तथा विदेश) | | ८७५,०००.०० |
| कुलजम्मा | ३१६,५१५.०० | २,१६७,०००.०० |
| २. सञ्चालन खर्च | | |
| कर्मचारी खर्च | ५,४७७,७८५.८४ | ६,८०८,५७०.४९ |
| साधारणसभा खर्च | २,०७८,६३९.४३ | २,३९१,०००.०० |
| मसलन्द तथा छपाई खर्च | १६२,३८६.९४ | २१२,०००.०० |
| सुचना सञ्चार खर्च | ७९,५९६.१० | ९२,०००.०० |
| बिजुली तथा पानी खर्च | ९८,९०८.०० | ११४,०००.०० |
| कार्यालय खर्च | १७१,८१५.८६ | १९८,०००.०० |

| | | |
|---|---|---|
| सरसफाई खर्च | ७०,७१६.९३ | ८९,०००.०० |
| यातायात तथा इन्धन खर्च | ५२,८७५.०० | ६७,०००.०० |
| पर्व खर्च | २४६,१८३.९१ | २८४,०००.०० |
| वैठक ब्यवस्थापनखर्च | ३५,३२९.०० | ७१,०००.०० |
| वैठक भत्ताखर्च | ७२४,०००.०० | १,०८६,०००.०० |
| आन्तरिक र बाह्य लेखापरीक्षण खर्च | २८२,५००.०० | ३२५,०००.०० |
| हर्जाना तथा जरिवाना शूल्क | ३,०००.०० | |
| पत्र–पत्रिका | १८,०००.०० | २१,०००.०० |
| ज्याला तथा मर्मत संभार | १२८,३८४.१० | १४८,०००.०० |
| कानुनी परामर्श खर्च | ६१,१७६.४७ | ७१,०००.०० |
| बिज्ञापन तथा प्रबर्द्धन | ६२,५४४.०० | ७२,०००.०० |
| घर भाडा खर्च | ३१९,०००.०० | |
| कार्यलय विमाखर्च | २१६,६३६.४७ | २५०,०००.०० |
| ऋण नोक्सानी ब्यवस्थापन (सुरक्षण) खर्च | १,५३४,२६२.४६ | १२,८४३,१४४.८२ |
| स्वास्थ्य उपचार खर्च | ५,१३४.५० | ६,०००.०० |
| सफ्टवेर सेवा खर्च | ३९,७७६.०० | ८०,०००.०० |
| एस.एम.एस सेवा खर्च | १६,३००.२५ | ३३,०००.०० |
| विविध खर्च | ८६,७९२.६० | १००,०००.०० |
| दर्ता तथा नविकरण खर्च | ११५,९१२.०० | १३४,०००.०० |
| ह्रास कट्टी खर्च | १,१६४,१४८.०० | १,८८३,५३७.६८ |
| छुट तथा सहुलियत खर्च | | - |
| पोशाक खर्च | ६७,९०१.३५ | ३००,०००.०० |
| सुरक्षा गार्ड खर्च | २२८,०७१.२९ | २६३,०००.०० |
| किचन खर्च | | २४८,०००.०० |
| कुल जम्मा | १३,५४७,७७६.५० | २८,१९०,२५२.९८ |
| **३. वित्तीय खर्च :** | | |
| बचतको ब्याज | ५४,३४२,४२९.९५ | ६४,०८८,१०४.९६ |
| वाह्य ऋणको ब्याज | १५,९६५,००९.२० | ८,७१८,७११.०२ |
| वाह्य ऋण सेवा शुल्क | ५७६,०००.०० | - |
| जम्मा खर्च | ७०,८८३,४३९.१५ | ७२,८०६,८१५.९८ |
| जम्मा खर्च | ८४,७४७,७३०.६५ | १०३,१६४,०६८.९७ |
| खूद वचत | २५,४९३,८९४.९० | ३०,४२८,२५७.८० |
| खूद वचत | २५,४९३,८९४.९० | ३०,४२८,२५७.८० |

| खर्च विवरण | समीक्षा अवधिको यथार्थ | आ.ब २०७९/८० को अनुमानित |
|---|---|---|
| **क. कार्यक्रमिक खर्च** | | |
| समीक्षा गोष्ठी तथा विस्तारित मंच | १९३,३१५.०० | ६५०,०००.०० |
| सदस्य प्रबर्द्धन खर्च | १२३,२००.०० | ६४२,०००.०० |
| अध्यन अवलोकन तथा भ्रमण खर्च (स्वदेश तथा विदेश) | | ८७५,०००.०० |
| कुलजम्मा | ३१६,५१५.०० | २,१६७,०००.०० |
| **२. सञ्चालन खर्च** | | |
| कर्मचारी खर्च | ५,४७७,७८५.८४ | ६,८०८,५७०.४९ |
| साधारणसभा खर्च | २,०७८,६३९.४३ | २,३९१,०००.०० |
| मसलन्द तथा छपाई खर्च | १६२,३८६.९४ | २१२,०००.०० |
| सुचना सञ्चार खर्च | ७९,५९६.१० | ९२,०००.०० |
| बिजुली तथा पानी खर्च | ९८,९०८.०० | ११४,०००.०० |
| कार्यालय खर्च | १७१,८१५.८६ | १९८,०००.०० |
| सरसफाई खर्च | ७०,७१६.९३ | ८९,०००.०० |
| यातायात तथा इन्धन खर्च | ५२,८७५.०० | ६७,०००.०० |
| पर्व खर्च | २४६,१८३.९१ | २८४,०००.०० |
| वैठक ब्यवस्थापनखर्च | ३५,३२९.०० | ७१,०००.०० |
| वैठक भत्ताखर्च | ७२४,०००.०० | १,०८६,०००.०० |
| आन्तरिक र बाह्य लेखापरीक्षण खर्च | २८२,५००.०० | ३२५,०००.०० |
| हर्जाना तथा जरिवाना शूल्क | ३,०००.०० | |
| पत्र-पत्रिका | १८,०००.०० | २१,०००.०० |
| ज्याला तथा मर्मत संभार | १२८,३८४.१० | १४८,०००.०० |
| कानुनी परामर्श खर्च | ६१,१७६.४७ | ७१,०००.०० |
| बिज्ञापन तथा प्रबर्द्धन | ६२,५४४.०० | ७२,०००.०० |
| घर भाडा खर्च | ३१९,०००.०० | |
| कार्यलय विमाखर्च | २१६,६३६.४७ | २५०,०००.०० |
| ऋण नोक्सानी ब्यवस्थापन (सुरक्षण) खर्च | १,५३४,२६२.४६ | १२,८४३,१४४.८२ |
| स्वास्थ्य उपचार खर्च | ५,१३४.५० | ६,०००.०० |
| सफ्टवेर सेवा खर्च | ३९,७७६.०० | ८०,०००.०० |
| एस.एम.एस सेवा खर्च | १६,३००.२५ | ३३,०००.०० |
| विविध खर्च | ८६,७९२.६० | १००,०००.०० |
| दर्ता तथा नविकरण खर्च | ११५,९१२.०० | १३४,०००.०० |
| ह्रास कट्टी खर्च | १,१६४,१४८.०० | १,८८३,५३७.६८ |
| छुट तथा सहुलियत खर्च | | - |
| पोशाक खर्च | ६७,९०१.३५ | ३००,०००.०० |
| सुरक्षा गार्ड खर्च | २२८,०७१.२९ | २६३,०००.०० |

| | | |
|---|---|---|
| किचन खर्च | | २४८,०००.०० |
| कुल जम्मा | १३,५४७,७७६.५० | २८,१९०,२५२.९८ |
| ३. वित्तीय खर्च : | | |
| बचतको व्याज | ५४,३४२,४२९.९५ | ६४,०८८,१०४.९६ |
| वाह्य ऋणको व्याज | १५,९६५,००९.२० | ८,७१८,७११.०२ |
| वाह्य ऋण सेवा शुल्क | ५७६,०००.०० | - |
| जम्मा खर्च | ७०,८८३,४३९.१५ | ७२,८०६,८१५.९८ |
| जम्मा खर्च | ८४,७४७,७३०.६५ | १०३,१६४,०६८.९७ |
| खूद वचत | २५,४९३,८९४.९० | ३०,४२८,२५७.८० |
| खूद वचत | २५,४९३,८९४.९० | ३०,४२८,२५७.८० |

| विवरण | समीक्षा अवधिको यथार्थ | आ.व २०७९/८०को अनुमानित |
|---|---|---|
| | २५,४९३,८९४.९० | ३०,४२८,२५७.८० |
| जगेडाकोष २५ % | ५,४१७,६२१.४२ | ६,४६६,००४.७८ |
| संरक्षित पुंजी फिर्ता कोष २५% | ४,०६३,२१६.०६ | ४,८४९,५०३.५९ |
| सहकारी प्रवर्द्धन कोष ०.५% | ८१,२६४.३२ | ९६,९९०.०७ |
| कोष समावेश पछिको खूद मुनाफा | १५,९३१,७९३.१० | १९,०१५,७५९.३६ |
| आयकर ब्यवस्था १०% र १५% | ३,८२३,४०९.२४ | ४,५६४,२३८.६७ |
| कर मिलान योग्य खर्च | ४,५००.०० | - |
| आयकर पछिको खूद मुनाफा | १२,१०३,८८३.८७ | १४,४५१,५२०.६९ |
| शेयर लाभाँस ६०% | ७,२६२,३३०.३२ | ८,६७०,९१२.४१ |
| सामुदायिक विकास कोष ५% | ६०५,१९४.१९ | ७२२,५७६.०३ |
| सहकारी शिक्षा ५% | ६०५,१९४.१९ | ७२२,५७६.०३ |
| घाटापूर्ति कोष ५% | ६०५,१९४.१९ | ७२२,५७६.०३ |
| कार्मचारी वोनस कोष १०% | १,२१०,३८८.३९ | १,४४५,१५२.०७ |
| संस्था विकास कोष ५% | ६०५,१९४.१९ | ७२२,५७६.०३ |
| स्थिरीकरण कोष ५% | ६०५,१९४.१९ | ७२२,५७६.०३ |
| अन्य जोखिम ब्यवस्थापन कोष ५% | ६०५,१९४.१९ | ७२२,५७६.०३ |
| १००% जम्मा ..... | १२,१०३,८८३.८७ | १४,४५१,५२०.६९ |

धन्यवाद

जय सहकारी

लक्ष्मण न्यौपाने
प्रवन्ध संचालक

# B. P. Singh & Associates, Chartered Accountants

## Chabahil, Kathmandu

Firm Regd. No: 832
PAN No: 102705854
Email: bpkshetree@gmail.com
Phone: 01-4561684/9851045998

**श्री सम्पुर्ण शेयरधनी सदस्यहरु**
**ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**का.म.न.पा–२८, बागबजार**

हामीले **श्री ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेड, का.म.न.पा–२८, बागबजार**को यसै साथ संलग्न आषाढ ३२, २०७९ को वासलात, सोही मितीमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका विवरण एवंम प्रमुख लेखा नीतीहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गर्‍यौं।

### Disclaimer Opinion/ मौन राय :

Disclaimer रायको आधारहरुका अनुच्छेदहरुमा उल्लेख भए बमोजिमको वस्तुस्थितिको महत्वका आधारमा, पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) प्रयोगमा ल्याउँदा वित्तीय विवरणको पुनर्लेखन, प्रस्तुतिकरण र खुलासाहरुमा पर्न सक्ने समस्टिगत प्रभावको लागि पर्याप्त र उपयुक्त सबुद प्रमाणहरु प्राप्त गर्न सकिएन तथा सोही रायको आधारहरुका अनुच्छेदहरुले वित्तीय विवरणमा सारभुत असर पार्न सक्दछ। तसर्थ, यस संस्थाको वित्तीय प्रतिवेदनमान (NFRS) को आधारमा तयार नगरिएकाले तथा अन्य अनुच्छेदहरुले वित्तीय विवरणमा असर पार्न सक्ने हुनाले, सो उपर राय व्यक्त गरिएको छैन।

### Disclaimer Opinion/ मौन रायको आधार :

Public Accountability को परिभाषा अन्तर्गतका संस्थाहरुका लागि लागु भएका वित्तीय प्रतिवेदनमान (NFRS) अर्न्तगत रही तयार गर्नुपर्ने व्यवस्था लागु भइसकेको छ। परिवर्तित वित्तीय प्रतिवेदनको ढाँचा तयार गरी लागु गर्न (NFRS) अनुसारको वित्तीय विवरणहरु NFRS लागु हुँदा सुरुवात (Opening Date) मा तयार हुनुपर्दछ र सोही बमोजिम तीन वर्षको वित्तीय विवरण (Statement of Financial Position), दुई वर्षको विस्तृत आय विवरण (Statement of Comprehensive Income), दुई वर्षको आय विवरण (प्रस्तुत गरिएको भए), दुई वर्षको नगद प्रवाहको विवरण (Statement of Change in Cash Flows), दुई वर्षको इक्विटिमा भएको परिवर्तनको विवरण (Statement of Change in Equity) र सो सँग सम्बन्धित टिप्पणीहरु लगायत सूचनाहरु समेत तयार हुनुपर्दछ। यस्तो व्यवस्था भएता पनि अहिलेको शुरुवाती अवस्थामा वित्तीय विवरणहरु NFRS अनुसार तयार गरिएको छैन। नेपाल वित्तीय प्रतिवेदनमान (NFRS-1) मा आधारित रही नयाँ लेखा सम्बन्धी नीतिहरु तयार गरी वित्तीय सूचनाहरुको पहिचान, पुनर्लेखन र खुलासाहरु दिनुपर्ने हुन्छ। यसरी नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतिकरण र खुलासाहरु नगरिँदा यिनीहरुको वित्तीय विवरणमा पर्ने समस्टीगत प्रभाव अनिश्चित रहेको छ, जुन Material तथा Pervasive पनि हुन सक्दछन्।

### वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवंम् प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्राणालीको तर्जुमा गरी कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपÚर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नता संगै जानकारीहरु खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ।

### लेखापरीक्षकको जिम्मेवारी

